# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission of Nepal**
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)


## प्रेस नोट

३ चैत, २०८१

**बालसुधार गृहमा भएको झडपको घटनामा आयोगबाट अनुगमन शुरू ।**

बाँके जिल्लाको डुडुवा गाउँपालिका - ६, स्थित जयेन्दु बालसुधार गृहमा रहेका बालबन्दीहरू बीच २०८१ चैत १ गते रातिदेखि २ गते साँझसम्म झडप भएको भनिएको घटनाको सम्बन्धमा छानबिन गर्न राष्ट्रिय मानव अधिकार आयोगले अनुगमन टोली खटाइ पठाएको छ ।

प्रारम्भीक अनुगमनबाट झडपको कारण सुधार गृहमा राखिएका ६ जना बालकहरू घाइते भएका, सूधार गृहमा आगो लगाईएको र नियन्त्रणका लागि खटिएका प्रहरीमाथि ईँटा प्रहार भएको लगायतका तथ्य प्राप्त भएका छन् । अनुगमनको क्रममा आयोगको टोलीले झडपमा संलग्न भनी पक्राउ परेका व्यक्तिहरूलाई राखिएको जिल्ला प्रहरी कार्यालय बाँकेको हिरासत कक्षको समेत अनुगमन गरेको छ ।

श्यामबाबु काफ्ले
उपसचिव/सहायक प्रवक्ता


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5447973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org